प्रति शेयर रु.१००/- अंकित दरको ९९,००,००० कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०८१/०३/०७।

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

हिमालय उर्जा विकास कम्पनी लिमिटेड
Himalaya Urja Bikas Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३२, सुबिधानगर, तिनकुने, काठमाण्डौं
फोन नं.: ०१-४१११९५३/४१११६७४
इमेलः himalenergy@gmail.com; info@himalurja.com वेभसाईटः www.himalurja.com

१ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मितिः २०८१/०४/२४ गते

निष्काशन बन्द हुने मितिः २०८१/०५/१२ गते (बैंकिङ्ग समयसम्म)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गर्न लागिएको हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८० असार २० गते "IRN BB(Is) [Double B(Issuer)" प्रमाणपत्र प्राप्त गरेको छ । जसले Issuers with this rating is considered to have the moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाउदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको पृष्ठ २८ मा उल्लेखि गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : वि.स.२०८१/०३/२१ (ई.स.२०२४/०७/०५) रेटिङ्ग बहाल रहने अवधी : वि.स. २०८२/०३/२० (ई.स.२०२५/०७/०४)

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.९९,००,००,०००/- को एक शेयर बराबर नयाँ १ शेयर (१ : १) को अनुपातमा रु.१००/- अंकित दरका ९९,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८१/०३/१९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. कम्पनीको नाम : हिमालय उर्जा विकास कम्पनी लिमिटेड (Himalaya Urja Bikas Company Limited)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. ३२, सुबिधानगर, तिनकुने, काठमाण्डौंमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का.म.न.पा. वडा नं. ३२, सुबिधानगर, तिनकुने, काठमाण्डौं र कम्पनीको जलविद्युत उत्पादन केन्द्र रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं. १ मा रहेको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनीको संक्षिप्त परिचय : *कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः*

यो कम्पनी नेपालको कम्पनी ऐन अन्तर्गत प्रा.लि.को रुपमा मिति २०५६/०८/१३ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनी मिति २०७१/०७/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट पब्लिक कम्पनीको रुपमा परिणत भएको हो । हाल कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३२, सुबिधानगर, तिनकुने, काठमाण्डौंमा रहेको छ ।

- कम्पनीमा संस्थापक शेयरधनीको रुपमा अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., एसियन जल उर्जा प्रा.लि., लुम्बिनी ईन्जिनियरिङ कलेज प्रा.लि., क्लिन इनर्जी कन्सल्टयान्ट्स प्रा.लि., दुश्यन्त एण्ड कम्पनी प्रा.लि., ब्लुचिप इन्भेष्टमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि., मातृसेवा प्रतिष्ठान नेपाल आदि शेयरधनीहरु रहेका छन् ।
- कम्पनीले उपल्लो खिम्ती जलविद्युत आयोजनालाई (१२ मे.वा.), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति २०६१/०८/०७ गते प्राप्त गरेको र उक्त अनुमति पत्र २१०४/०९/०२ गतेसम्म बहाल र अपर खिम्ती-II जलविद्युत आयोजनालाई (७.मे.वा.), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति २०६३/१२/१७ गते प्राप्त गरेको र उक्त अनुमति पत्र मिति वि.स. २१०६/१२/१२ गतेसम्म बहाल रहनेछ ।
- कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं. १ मा रहेको उपल्लो खिम्ती जलविद्युत आयोजना (१२ मे.वा.) को मिति २०७९/०३/०६ गतेदेखि व्यापारीक उत्पादन सुरु गरेको र रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं. १ अपर खिम्ती-II जलविद्युत आयोजनालाई (७.मे.वा.) को मिति २०७९/०२/१७ गतेदेखि व्यापारीक उत्पादन सुरु गरी आयोजना सञ्चालन भैरहेको छन् ।
- उपल्लो खिम्ती (१२ मे.वा.) जलविद्युत आयोजना र अपर खिम्ती-II (७ मे.वा.) जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु.३,७८,५७,८८,०००/- रहेको र प्रति मे.वा. लागत रु.१९,९२,५२,०००/- रहेको छ ।
- यस आयोजना 75:25 debt equity ratio मा निर्माण भएको हो ।
- यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७५/१२/२० गते देखि २०७५/१२/२५ गते सम्म भएको र बाँडफाँट मिति २०७६/०१/०३ गते भएको हो । कम्पनीको मिति २०७९/०१/०३ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सुचिकरण मिति २०७६/०२/०७ गते रहेको छ । कम्पनीले IPO निष्काशन गरेको रकम निम्न तालिका अनुसार उपभोग गरेको छ ।

क्र.स.	विवरण	उपभोग गरेको रकम (रु.)
१.	आयोजना निर्माण	२४,७५,००,०००

- यस कम्पनीद्वारा प्रवर्द्धित उपल्लो खिम्ती जलविद्युत आयोजना तथा अपर खिम्ती जलविद्युत आयोजनाको प्राविधिक पक्ष निम्न बमोजिम रहेको छ ।

आयोजनाको नाम	उपल्लो खिम्ती जलविद्युत आयोजना	अपर खिम्ती जलविद्युत आयोजना
विद्युत गृह स्थल	गोकुलगंगा गा.पा.-१, रामेछाप	गोकुलगंगा गा.पा.-१, रामेछाप
श्रोत नदी	खिम्ती खोला	खिम्ती खोला
आयोजनाको किसिम	Run of River	Run of River
विद्युत उत्पादन अनुमति प्राप्त मिति :	२०६१/०८/०७	२०६३/१२/१७
विद्युत उत्पादन अनुमति वहाल रहने मिति :	२१०४/०९/०२	२१०६/१२/१२
क्षमता	१२ मे.वा.	७ मे.वा.
विद्युत उत्पादन मिति	२०७९/०३/०६	२०७९/०२/१७
आयोजनाको कुल लागत (रु.)	३,७८,५७,८८,०००	
आयोजनाको प्रति मेगावाट लागतः (रु.)	१९,९२,५२,०००	

- यस कम्पनीद्वारा प्रवर्द्धित उपल्लो खिम्ती जलविद्युत आयोजना तथा अपर खिम्ती जलविद्युत आयोजनाको प्रगती विवरण निम्न बमोजिम रहेको छ ।

विवरण	कार्य प्रगती कार्य सम्पन्न %	
	उपल्लो खिम्ती जलविद्युत आयोजना	अपर खिम्ती जलविद्युत आयोजना
१. वित्तीय व्यवस्थापन	१००	१००
२. आधारभुत संरचनाहरु		
(क) आवास गृह निर्माण	१००	१००
(ख) पहुंच सडक निर्माण	१००	१००
(ग) विस्तृत ईन्जिनियरीङ्ग डिजाईन	१००	१००
३. सिभिल निर्माण कार्य		
(क) बाँध	१००	१००
(ख) डिसेन्डर	१००	१००
(ग) गेट संरचनाहरु	१००	१००
(घ) कनेक्टीङ्ग क्यानल संरचनाहरु	१००	१००
(ङ) विद्युत गृह तथा निकास नहर	१००	१००
(च) स्वीचयार्ड	१००	१००
४. हाइड्रो मेकानिकल निर्माण कार्य	१००	१००
(क) मेशिन तथा अन्य उपकरणहरु आयात	१००	१००
(ख) मेशिन तथा अन्य उपकरणहरु जडान	१००	१००
६. प्रसारण लाईन	१००	१००

- यस कम्पनीद्वारा लगानी गरिएको कम्पनी/आयोजना निम्न अनुसार रहेका छन् ।

१. **निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.**: यस निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.द्वारा प्रवर्द्धित खिम्ती घ्याङ खोला जलविद्युत आयोजना ९ मे.वा. र सुती खोला जलविद्युत आयोजना २१ मे.वा.मा यस कम्पनीले आफ्नो नाममा स्वामित्व कायम रहने गरी हाल रु.४,४५,००,०००/- (अक्षरेपी चार करोड चैंतालिस लाख मात्र) प्रति शेयर रु.१००/- दरका ४,४५,००० कित्ता शेयर खरीद गरी उक्त कम्पनीको सञ्चालक समितिमा समेत प्रतिनिधित्व गरिरहेको छ । सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन् ।

डेभलपर	निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.	निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.
आयोजना	खिम्ती घ्याङ खोला जलविद्युत आयोजना	सुती खोला जलविद्युत आयोजना
परियोजना स्थल	जिरी-१ दोलखा र गोकुलगंगा-१, रामेछाप	मनाङ
जडित क्षमता	९ मे.वा.	१२ मे.वा.
डिजाइन डिस्चार्ज	४.३७ क्युमेक्सु	५.८१ क्युमेक्सु
सुख्खायाममा उत्पादन हुने उर्जा	८ १४३ ४४८ कि.वा.	३९,०३५,८५७ कि.वा.
बर्षायाममा उत्पादन हुने उर्जा	४३,८९०,४५३ कि.वा.	८३,४८२,०५५ कि.वा.
औषत वार्षिक उर्जा उत्पादन	५२,०३३,९०१ कि.वा.	१२२,५१७,९१२ कि.वा.

२. **मातृभुमि हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि.**: मातृभुमि हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि.द्वारा प्रवर्द्धित १३.८ मे.वा. शिशुवाखोला जलविद्युत आयोजनामा यस कम्पनीले आफ्नो नाममा शेयर स्वामित्व कायम रहने गरी हाल रु.१,३५,००,०००/- (अक्षरेपी एक करोड पैंतिस लाख मात्र) प्रति शेयर रु.१००/- दरका १,३५,००० कित्ता शेयर खरीद गरिएको छ । सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन् ।

डेभलपर	मातृभुमि हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि.
परियोजना स्थल	सिलिङ्चोङ-२, संखुवासभा
जडित क्षमता	१३.५ मे.वा.
डिजाइन डिस्चाज	५.७० क्युमेक्सु
सुख्खायाममा उत्पादन हुने उर्जा	२४,६८२,५६२ कि.वा.
बर्षायाममा उत्पादन हुने उर्जा	५५,१९३,७३९ कि.वा.
औषत वार्षिक उर्जा उत्पादन	७९,८७६,३०१ कि.वा.

३. **फ्रेण्डसिप इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.**: यो आयोजना निर्माण सम्बन्धी कार्यहरु गर्ने उद्देश्यले स्थापना भएको कम्पनी हो । यसले रामेछाप गर्जाङ खिम्ती १३२ केभी ट्रान्समिसन लाइन आयोजनाको ठेक्का लिई निर्माण गर्ने कार्य गरेको छ । यस कम्पनीले आफ्नो नाममा शेयर स्वामित्व कायम रहने गरी हाल रु.४,००,००,०००/- (अक्षरेपी चार करोड मात्र) प्रति शेयर रु.१००/- दरका ४,००,००० कित्ता शेयर खरीद गरिएको छ ।

- कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्नबमोजिम रहेका छन् ।

अपर खिम्ती-II जलविद्युत आयोजनाः

(क) आयोजनाबाट वार्षिक ४२,२९१,३४८ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ३४,७९३,३९२ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ७,४९७,८५५ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(ख) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (जेठ देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म (२०७९ जेठ १७ देखि २०८० जेठ मसान्त)	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म (२०८० असार देखि २०८१ जेठ मसान्त)	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म (२०८१ असार देखि २०८२ जेठ मसान्त)	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म(२०८२ असार देखि २०८३ जेठ मसान्त)	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म (२०८३ असार देखि २०८४ जेठ मसान्त)	९.४१	५.३८
६१ औं महिना देखि सम्झौताको अवधि सम्म (२०८४ असार देखि सम्झौताको अवधि सम्म)	९.६६	५.५२

(ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

उपल्लो खिम्ती जलविद्युत आयोजनाः

(क) आयोजनाबाट वार्षिक ७३,६१२,५१९ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ६०,५८३,७६६ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी १३,०२८,७५२ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(ख) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४ (चार रुपैंया मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.७ (सात रुपैंया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ९ (नौ) पटकसम्म मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

आर्थिक वर्ष	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (जेठ देखि मार्गसम्म) (रु. प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD) पर्ने आर्थिक वर्ष (२०७९ साल असार २७ देखि २०७९ असार मसान्त)	७	४
COD पछिको पहिलो आर्थिक वर्ष (२०७९ साल श्रावण देखि २०८० असार मसान्त)	७.२१	४.१२
COD पछिको दोस्रो आर्थिक वर्ष (२०८० साल श्रावण देखि २०८१ असार मसान्त)	७.४२	४.२४
COD पछिको तेस्रो आर्थिक वर्ष (२०८१ साल श्रावण देखि २०८२ असार मसान्त)	७.६३	४.३६
COD पछिको चौथो आर्थिक वर्ष (२०८२ साल श्रावण देखि २०८३ असार मसान्त)	७.८४	४.४८
COD पछिको पाँचौ आर्थिक वर्ष (२०८३ साल श्रावण देखि २०८४ असार मसान्त)	८.०५	४.६०
COD पछिको छैठौं आर्थिक वर्ष (२०८४ साल श्रावण देखि २०८५ असार मसान्त)	८.२६	४.७२
COD पछिको सातौं आर्थिक वर्ष (२०८५ साल श्रावण देखि २०८६ असार मसान्त)	८.४७	४.८४
COD पछिको आठौं आर्थिक वर्ष (२०८६ साल श्रावण देखि २०८७ असार मसान्त)	८.६८	४.९६
COD पछिको नवौं आर्थिक वर्ष देखि सम्झौताको अवधि सम्म (२०८६ साल श्रावण देखि सम्झौताको अवधिसम्म)	८.८९	५.०८

(ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

यस कम्पनीका मुख्य उद्देश्यहरु : *कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :*

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ, संस्था तथा नीजि उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युत शक्ति उत्पादन, वितरण, सञ्चालन, मर्मत सम्भार आदि कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरुसँग सम्पर्क गरी पारस्परीक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रशारण लाईन मार्फत बिक्री गर्ने वा स्थानीय स्तरमा विद्युत सप्लाई तथा वितरण गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भुमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई नेपाल राज्यमा नदी नालाहरुबाट विभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने । वायु शक्ति, सौर्य शक्ति डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसँग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै, सम्भावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पुनः संचालन गर्ने, विद्युत उत्पादन वृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसँग सम्बन्धित सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसँग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) विद्युत प्रसारणको लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन निर्माण, मर्मत, सम्भार तथा सञ्चालन सम्बन्धी कामहरु गर्ने ।

(छ) विद्युत सम्बन्धी उपकरणहरु, मेशिन औजारहरु, सामान विदेशबाट आयात तथा खरीद गरी उपयोग गर्ने, बिक्रि वितरण गर्ने, एजेन्सीको गर्ने ।

(ज) जलविद्युत, बैंक, बीमा, सिमेण्ट, फलामे छड वा डण्डी तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

(अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

(आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

(इ) जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।

(ई) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

५. शेयर पूँजीको संरचना :

अधिकृत पूँजीः कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजीः कम्पनीको जारी पूँजी रु.१,९८,००,००,०००/- (अक्षरेपी एक अर्ब अन्ठानब्बे करोड रुपैयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,९८,००,००० (एक करोड अन्ठानब्बे लाख) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजीः कम्पनीको चुक्ता पूँजी रु.९९,००,००,०००/- (अक्षरेपी उनान्सय करोड रुपैयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ९९,००,००० (उनान्सय लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,९८,००,००,०००/- (अक्षरेपी एक अर्ब अन्ठानब्बे करोड मात्र) हुनेछ ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

आ.व.	अधिकृत पूँजी	जारी पूँजी	चुक्ता पूँजी
२०६६/६७	५०,००,००,०००/-	३०,००,००,०००/-	१,६८,४३,३००/-
२०७१/७२	९९,००,००,०००/-	४७,००,००,०००/-	६,८२,००,०००/-
२०७२/७३	९९,००,००,०००/-	९९,००,००,०००/-	७४,२५,००,०००/-
२०७३/७४	९९,००,००,०००/-	९९,००,००,०००/-	९९,००,००,०००/-
२०७९/८०	२,५०,००,००,०००/-	१,९८,००,००,०००/-	९९,००,००,०००/-

६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.९९,००,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,९८,००,००,०००/- कायम हुनेछ । कम्पनीको मिति २०७९/०१/०३ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ ।

७. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

मिति २०७९/०१/०३ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा कारोबार भईरहेको हुनाले हाल कुनै पनि शेयरधनीहरु समूहगत रुपमा नछुटिएको ।

८. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	अनुभव सम्बन्धित क्षेत्र	अन्य अनुभव
१	श्री हरि प्रसाद पाण्डे पोखरा म.न.पा. वडा नं. ८, कास्की	कार्यकारी अध्यक्ष	७०	नेपाली	२,१०,७५३	२.१२	प्रविणता प्रमाणपत्र तह	• पूर्व जलश्रोत तथा उद्योग राज्यमन्त्री • गण्डकी नुडल्स प्रा.लि., पोखरा माइक्रोनी इण्डस्ट्रीज प्रा.लि., गण्डकी ब्रिक इण्डष्ट्रीज प्रा.लि.को पूर्व निर्देशक • निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.को कार्यकारी निर्देशक • मातृभूमी हाइड्रोपावर डे. कम्पनी प्रा.लि. का कार्यकारी अध्यक्ष • टाक्स हाइड्रोपावर कं. प्रा.लि.को निर्देशक	• माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि., एभरेष्ट ईन्जिनियरिङ्ग प्रा.लि., पोखरा मेसिन टुल्स प्रा.लि., पोखरा फुड्स प्रा.लि., पोखरा नुडल्स प्रा.लि. जस्ता उद्योगहरु संचालनमा ल्याएको • फ्रेण्डसिप इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. को कार्यकारी निर्देशक • नेपाल ईन्जिनियरिङ्ग कलेज, नेपाल मेडिकल कलेज, टुरीजम म्यानेजमेन्ट कलेज, गण्डकी मेडिकल कलेज, कास्की फाईनान्स लि.को सस्थापक सदस्य • नेपाल ईन्जिनियरिङ्ग कलेजको पूर्व अध्यक्ष •मातृसेवा प्रतिष्ठान नेपालका अध्यक्ष
२	प्रा. डा. भिम प्रसाद न्यौपाने का.म.न.पा.-२९, घट्टेकुलो काठमाण्डौ	संचालक तथा हेड अफिस निर्देशक	७१	नेपाली	५०,५६३	०.५१	अर्थशास्त्रमा स्नाकोत्तर, विकास अर्थशास्त्रमा पिएचडि	• हेड अफिस निर्देशक-हिमालय उर्जा विकास कम्पनी लि. • रिडि हाईड्रो पावर कम्पनी लि.मा अध्यक्षको रुपमा कार्यानुभव • पूर्व सल्लाहकार-अरुण भ्यालि हाईड्रो पावर डेभलपमेण्ट कम्पनी लि.	• पूर्व सदस्य-राष्ट्रिय योजना आयोग • संस्थापक अध्यक्ष (त्रिबेणी विकास बैंक, डेभलपमेण्ट बैंकर एसोसिएसन नेपाल • फ्रेण्डसिप इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.को अध्यक्ष • उपाध्यक्ष-इन्स्टिच्युट अफ पोलिसी रिसर्च एण्ड डेभलपमेण्ट (IPRAD) • पूर्व अध्यक्ष-सार्क डेभलपमेन्ट फण्ड • पूर्व अध्यक्ष-नेपाल इन्डष्ट्रियल डेभलपमेन्ट कर्पोरेशन • सरकारी तथा सार्वजनिक कम्पनीको नीति निर्माण तहमा सेवा प्रदान गरेको • हिमाल सिमेन्ट फ्याक्ट्री, तारा गाउँ होटल, युनाईटेड इन्सुरेन्स कम्पनीमा निर्देशकको रुपमा कार्यानुभव ।
३	श्री रमेश प्रसाद न्यौपाने (प्रतिनिधि अरुण भ्याली हाइड्रोपावर डे. कं. लि.) का.म.न.पा.-१०, बानेश्वर काठमाण्डौं	संचालक	५१	नेपाली	लागु नहुने	लागु नहुने	एम.बि.ए.	• सञ्चालक-रिडि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी • प्रबन्ध निर्देशक-अरुण भ्याली हाईड्रो पावर डेभलपमेण्ट कम्पनी लि. • सञ्चालक-अरुण कावेली पावर लि. • प्रबन्ध सञ्चालक-पिके हाइड्रोपावर प्रा.लि.	• जनता बैंक नेपाल लि.मा सञ्चालक भई कार्य गरेको अनुभव ।
४	श्री सोमनाथ पाठक तिलोत्तमा न.पा.-४, रुपन्देही	संचालक	६३	नेपाली	१,२०,०००	१.२१	प्रविणता प्रमाणपत्र तह		• पूर्व कार्य समिति सदस्य-रुपन्देही उद्योग संघ • प्रबन्ध निर्देशक-पाठक फुड प्रोडक्ट्स् प्रा.लि., रुपन्देही • प्रोप्राइटर-पाठक अल्मुनियम सिस्टम एण्ड मेटल वोर्क, रुपन्देही • निर्देशक-क्वालिटी रोटो प्याकेजिङ प्रा.लि. • उपाध्यक्ष-मेचिकाली तिनाउ बहुउदेष्यिय सहकारी संस्था लि.।
५	श्रीराम पाण्डे पोखरा म.न.पा. वडा नं. ८, पोखरा, कास्की	संचालक	४०	नेपाली	३,०८,७६२	३.१२	सिभिल ईन्जिनियरिङ तथा अर्थशास्त्रमा स्नातकोत्तर	• भगवति हाईड्रोपावर डेभलपमेन्ट कम्पनीको पूर्व निर्देशक, हिमालय उर्जा विकास कम्पनी लिमिटेडको निर्देशक • निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.को अध्यक्ष र मातृभूमी हाइड्रोपावर डे. कम्पनी प्रा.लि.को निर्देशक	• कामना सेवा विकास बैक लि.को पूर्व निर्देशक • पोखरा फुड प्रा.लि.को प्रबन्ध निर्देशक, रम्बा जेनेरल फुड इन्डष्ट्रीज प्रा.लि.को प्रबन्ध निर्देशक, पोखरा नुडल्स प्रा.लि.को अध्यक्ष • फ्रेण्डसिप इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.को सञ्चालक • स्टार वान कन्सट्रक्सन कम्पनी प्रा.लि. र अशोका कलेज अफ इन्जिनियरिङ्ग एण्ड मेनेजमेण्ट प्रा.लि.को अध्यक्ष
६	श्री प्रमिला चौहान (बस्नेत) फुलासी-०३, रामेछाप	संचालक	४२	नेपाली	२०८०	०.०२	व्यवस्थापन संकायमा स्नातक	-	-
७	सुमन शर्मा चौलागाई काब्रे-०४, दोलखा	संचालक	३१	नेपाली	१५००	०.०१	व्यवस्थापन संकायमा स्नातकोत्तर	निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि.-सञ्चालक	• अल्टासिट एसोसिएट्स प्रा.लि.- सञ्चालक • फोर सिजन इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.का सञ्चालक •जिरी एग्रो फरेष्ट्रि प्रोसेसिङ एण्ड प्रोडक्सन सेन्टर-सञ्चालक • सैलुङ अरगानिक कृषि फार्म-सञ्चालक र अन्य कृषिमा संलग्न

नोटः सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

९. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम ३१ मा भएको व्यवस्था अनुसार ७ जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन हुने छ र हाल ७ जना संचालक रहनु भएको छ ।

संचालक समिति	७ जना
जम्मा	**७ जना**

मिति २०७९/०१/०३ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पूर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन । सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २७ (२) मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १,००० (एक हजार) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन ।

१०. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या ९९,००,००० कित्ताको १ शेयर बराबर नयाँ १ शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ९९,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरीद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर नयाँ १ शेयर (१ :१) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्ने छन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१२. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१३. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१४. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात (रकम रु.मा)

विवरण	वास्तविक आ.व.२०७७/०७८	वास्तविक आ.व.२०७८/०७९	वास्तविक आ.व.२०७९/०८०	*आ.व. २०८०/८१ चैत्र मसान्त
सम्पत्ति				
दीर्घकालीन सम्पत्ति				
सम्पत्ति, प्लान्ट तथा मेसिनरी				
सामान्य सम्पत्ति	४२,७३८,३१३	४३,३८६,९८६	४१,४५०,७७७	४१,४७१,१७७
घटः संचित ह्रासकट्टी	(३०,९६०,७३८)	(३३,३३३,३९९)	(३३,०१०,७७१)	(३४,२६८,४६०)
सामान्य सम्पत्ति (कुल)	११,७७७,५७५	१०,०५३,५८७	८,४४०,००६	७,२०२,७१७
परियोजना सम्पत्ति	-	३,६७६,३८३,४४६	३,६८२,२६९,४६४	३,६८४,०९४,३७६
घटः संचित ह्रासकट्टी	-	(११,१५५,७६२)	(१४५,२३९,६१७)	(२४६,४६३,२८३)
परियोजना सम्पत्ति (कुल)	-	३,६६५,२२७,६८४	३,५३७,०२९,८४७	३,४३७,६३१,०९३
विकास अन्तर्गत परियोजना सम्पत्ति	३,३०३,२६२,५३१	-	-	-
सहायक कम्पनीहरुमा लगानी	९८,०००,०००	९८,०००,०००	९८,०००,०००	८४,५००,०००
जम्मा दीर्घकालीन सम्पत्ति	३,४१३,०४०,१०६	३,७७३,२८१,२७१	३,६४३,४६९,८५३	३,५२९,३३३,८१०
चालु सम्पत्ति				
वित्तीय सम्पत्ति				
व्यापार प्राप्य	-	१८,३९५,८२७	९०,९१०,९५०	२७,०२६,०९७
नगद तथा बैंक मौज्दात	९,०४६,८५०	१,६८९,२७५	१,१३७,४२९	६१३,८७५
अन्य वित्तीय सम्पत्ति	३,१६०,६६३	२,२३५,२२१	२२३,०३८	६,१८८,५०१
वर्तमान कर सम्पत्ति	२,३०७,०२५	२,३०८,००१	२,३१३,०७९	१,३४०,००९
अन्य चालु सम्पत्ति	७०,९६२,७२५	२३,३६०,६६४	२७,९१३,६५२	३९,१०३,८०९
जम्मा चालु सम्पत्ति	८५,४७७,२६३	४७,९८९,९८८	१२२,४९८,१४८	७४,२७२,२९२
जम्मा सम्पत्ति	३,४९८,५१७,३६९	३,८२१,२७०,२५९	३,७६५,९६८,००१	३,६०३६०६१०२
पूँजी				
पूँजी तथा दायित्व				
शेयर पूँजी	९९०,०००,०००	९९०,०००,०००	९९०,०००,०००	९९०,०००,०००
अन्य पूँजी	(८,२९०,०९८)	(१९,६८०,८४६)	(१७६,०८३,२७२)	(३३६,४३६,२५९)
जम्मा पूँजी	९८१,७०९,९०२	९७०,३१९,१५४	८१३,९१६,७२८	६५३,५६३,७४१
दीर्घकालीन ऋण				
वित्तीय दायित्व				
ऋण	२,४००,१६३,७४१	२,७३१,८०२,३६८	२,८७८,०६७,२२८	२,८७२,८६७,०१३
जम्मा दीर्घकालीन ऋण	२,४००,१६३,७४१	२,७३१,८०२,३६८	२,८७८,०६७,२२८	२,८७२,८६७,०१३
चालु दायित्व				
अल्पकालीन ऋण	-	१५,७१०,०००	२८,९२०,९११	४९,९५९,३०२
अन्य वित्तिय दायित्व	११४,७१२,२६१	१०१,५८५,६२०	४३,१७७,८१५	२२,८८३,५८५
वर्तमान कर दायित्व	-	-	९७५,८७५	३,७७२,३९८
अन्य चालु दायित्व	१,९३१,४६५	१,८५३,११५	९०९,४४५	५६०,०६३
कुल चालु दायित्व	११६,६४३,७२६	११९,१४८,७३५	७३,९८४,०४६	७७,१७५,३४७
कुल दायित्व	२,५१६,८०७,४६७	२,८५०,९५१,१०४	२,९५२,०५१,२७४	२,९५०,०४२,३६१
जम्मा पूँजी तथा दायित्व	३,४९८,५१७,३६९	३,८२१,२७०,२५८	३,७६५,९६८,००१	३,६०३,६०६,१०२

नाफा–नोक्सान हिसाब (रकम रु.मा)

विवरण	वास्तविक आ.व.२०७७/०७८	वास्तविक आ.व.२०७८/०७९	वास्तविक आ.व.२०७९/०८०	*आ.व. २०८०/८१ चैत्र मसान्त
संचालनबाट आम्दानी	-	१८,७७१,२५२	२६७,४३३,४५५	१८३,१०१,२४५
बिक्री लागत	-	२,२७५,४२५	३४,३१४,८७५	२०,५७२,७७९
खुद आम्दानी	-	१६,४९५,८२७	२३३,११८,५८०	१६२,५२८,४६६
अन्य आम्दानी	१,७२९,७९१	२,२१९,५१४	१२,९६४,६९२	१७,७५२,४६१
जम्मा आम्दानी	१,७२९,७९१	१८,७१५,३४१	२४६,०८३,२७२	१८०,२८०,९२७
खर्चहरु				
प्रशासकीय खर्च	१,०६६,२४०	१,७१५,७०१	८,९५५,७२१	४,४६९,३२१
कर्मचारी लाभ खर्च	-	१,०९२,९५५	१५,४३३,६१४	९,८५५,७४४
वित्तीय लागत	-	१५,५६५,४१२	२३९,०११,९२५	२१९,८८५,०९५
ह्रास र परिशोधन खर्च	७०६,६६५	११,७३२,०२१	१३६,१९१,६६४	१०२,४८१,३५५
FVTPL बाट लगानीमा नोक्सानी	-	-	-	-
वित्तीय सम्पत्तिमा हानिको रिभर्सल	-	-	-	-
जम्मा खर्च	१,७७२,९०५	३०,१०६,०८९	३९९,५९२,१२४	३३६,६९१,५१५
बोनस, कर र CSR अघिको नाफा	(४३,११४)	(११,३९०,७४८)	(१५३,५०८,८५२)	(१५६,४१०,५८८)
कर्मचारी बोनस प्रावधान	-	-	-	
घटः कर	-	-	-	
चालु कर	-	-	९७५,८७५	३,७७२,३९८
स्थगन कर	-	-	-	-
नाफा/(नोक्सान) CSR अघि	(४३,११४)	(११,३९०,७४८)	(१५४,४८४,७२७)	(१६०,१८२,९८६)
CSR प्रावधान				-
यस अवधिको नाफा/(नोक्सान)	(४३,११४)	(११,३९०,७४८)	(१५४,४८४,७२७)	(१६०,१८२,९८६)
अन्य विस्तृत आम्दानी				
क) नाफा नोक्सान हिसाबमा पूर्नवर्गिकरण नहुने शिर्षकहरुः				-
अन्य विस्तृत आम्दानी मार्फत इक्वीटि उपकरण	-	-		-
कुल अन्य विस्तृत आम्दानी	-	-		-
यस अवधिको विस्तृत आम्दानी	(४३,११४)	(११,३९०,७४८)	(१५४,४८४,७२७)	(१६०,१८२,९८६)
प्रति शेयर आम्दानी रु.				
Basic प्रति शेयर आम्दानी रु.	(०.००४)	(१.१५)	(१५.६०)	(१६.१८)
Diluted प्रति शेयर आम्दानी रु.	(०.००४)	(१.१५)	(१५.६०)	(१६.१८)

*चैत्र मसान्त २०८०/८१ को अपरिष्कृत वित्तीय विवरण लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित ।

कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणः

वासलात

विवरण	प्रक्षेपित (रु. मा) आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
सम्पत्ति			
दीर्घकालीन सम्पत्ति			
सम्पत्ति, प्लान्ट तथा मेसिनरी			
सामान्य सम्पत्ति	४१,४५०,७७७	४१,४५०,७७७	४१,४५०,७७७
घटः संचित ह्रासकट्टी	(३४,६८२,५९१)	(३६,०१०,३०२)	(३७,०६७,२३२)
सामान्य सम्पत्ति (कुल)	६,७६८,१८७	५,४४०,४७५	४,३८३,५४५
परियोजना सम्पत्ति			
परियोजना सम्पत्ति (खुद)	३,६८२,२६९,४६४	३,६८२,२६९,४६४	३,६८२,२६९,४६४
घटः संचित ह्रासकट्टी	(२७८,४९७,२१३)	(४१२,१६७,९३९)	(५४५,८३८,६६४)
विकास अन्तर्गत परियोजना सम्पत्ति			
सहायक कम्पनीहरुमा लगानी	९८,०००,०००	९८,०००,०००	९८,०००,०००
जम्मा दीर्घकालीन सम्पत्ति	३,५०८,५४०,४३८	३,३७३,५४२,००१	३,२३८,८१४,३४५
चालु सम्पत्ति			
वित्तीय सम्पत्ति			
व्यापार प्राप्य	९७,३९६,३१३	९९,१६५,३५६	१००,९८७,४७१
नगद तथा बैंक मौज्दात	८०,१०७,३२९	१९९,४१२,८४२	३३९,१९३,४२१
अन्य वित्तीय सम्पत्ति	२२३,०३८	२२३,०३८	२२३,०३८
वर्तमान कर सम्पत्ति	१,३३७,२०३	१,३३७,२०३	१,३३७,२०३
अन्य चालु सम्पत्ति	२७,९६०,८१७	२७,९६०,८१७	२७,९६०,८१७
जम्मा चालु सम्पत्ति	२०७,०२४,७००	३२८,०९९,२५७	४६९,७०१,९५१
जम्मा सम्पत्ति	३,७१५,५६५,१३७	३,७०१,६४१,२५७	३,७०८,५१६,२९६
पूँजी			
पूँजी तथा दायित्व			
शेयर पूँजी	१,९८०,०००,०००	१,९८०,०००,०००	१,९८०,०००,०००
अन्य पूँजी	(१७६,८७०,४१४)	(५९,८०५,३६८)	७७,५९९,८६७
जम्मा पूँजी	१,८०३,१२९,१२९,५८६	१,९२०,१९४,६३३	२,०५७,५९९,८६७
दीर्घकालीन ऋण			
वित्तिय दायित्व			
ऋण	१,८६४,१७३,१७०	१,७२८,५९६,९४०	१,५९३,०२०,७०९
जम्मा दीर्घकालीन ऋण	१,८६४,१७३,१७०	१,७२८,५९६,९४०	१,५९३,०२०,७०९
चालु दायित्व			
अल्पकालीन ऋण	-	-	-
अन्य वित्तिय दायित्व	४७,२६१,९९२	५१,७४९,२५७	५६,६८५,२४८
वर्तमान कर दायित्व	-	-	-
अन्य चालु दायित्व	१,०००,३९०	१,१००,४२९	१,२१०,४७१
कुल चालु दायित्व	४८,२६२,३८२	५२,८४९,६८५	५७,८९५,७१९
कुल दायित्व	१,९१२,४३५,५५२	१,७८१,४४६,६२५	१,६५०,९१६,४२८
जम्मा पूँजी तथा दायित्व	३,७१५,५६५,१३७	३,७०१,६४१,२५७	३,७०८,५१६,२९६

नाफा–नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु. मा) आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
संचालनबाट आम्दानी	३८२,५२०,३५२	५०६,६६४,३९५	५१५,९८६,६६५
बिक्री लागत	३७,९६९,९२३	४१,८७३,७८०	४३,५५२,२५०
खुद आम्दानी	३४४,५५०,४२९	४६४,७९०,६१५	४७२,४३४,४१५
अन्य आम्दानी	९२,५३८,०४३	-	-
	४३७,०८८,४७२	४६४,७९०,६१५	४७२,४३४,४१५
खर्चहरु			
प्रशासकीय खर्च	९,०४५,२७८	९,१३५,७३१	९,२२७,०८८
कर्मचारी लाभ खर्च	१६,२०५,२९५	१७,०१५,५५९	१७,८६६,३३७
वित्तीय लागत	२६७,५१९,६३०	१८४,२३४,५४०	१७०,४५९,९९५
ह्रास र परिशोधन खर्च	१३५,३४२,५४५	१३४,९९८,४३७	१३४,७२७,६५५
FVTPL बाट लगानीमा नोक्सानी	-	-	-
वित्तीय सम्पत्तिमा हानिको रिभर्सल	-	-	-
कुल खर्चहरु	४२८,११२,७४८	३४५,३८४,२६७	३३२,२८१,०७५
बोनस, कर र CSR अघिको नाफा	८,९७५,७२४	११९,४०६,३४८	१४०,१५३,३४०
कर्मचारी बोनस प्रावधान	१७५,९९५	२,३४१,३०१	२,७४८,१०५
घटः कर			
चालु कर	-	-	-
स्थगन कर	-	-	-
नाफा/(नोक्सान) CSR अघि	८,७९९,७३०	११७,०६५,०४७	१३७,४०५,२३५
CSR प्रावधान			
यस अवधिको नाफा/(नोक्सान)	८,७९९,७३०	११७,०६५,०४७	१३७,४०५,२३५
अन्य विस्तृत आम्दानी			
क) नाफा नोक्सान हिसाबमा पूर्नवर्गिकरण नहुने शिर्षकहरुः			
अन्य विस्तृत आम्दानी मार्फत इक्वीटि उपकरण	-	-	-
कुल अन्य विस्तृत आम्दानी	-	-	-
यस अवधिको विस्तृत आम्दानी	८,७९९,७३०	११७,०६५,०४७	१३७,४०५,२३५
प्रति शेयर आम्दानी रु.			
Basic प्रति शेयर आम्दानी रु.	०.४४	५.९१	६.९४

सञ्चालन अवधीको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ

विवरण	वास्तविक आ.व.२०७७/०७८	वास्तविक आ.व.२०७८/०७९	वास्तविक आ.व.२०७९/०८०	*आ.व.२०८०/८१ चैत्र मसान्त	प्रक्षेपित** आ.व.२०८०/०८१	प्रक्षेपित** आ.व.२०८१/०८२	प्रक्षेपित** आ.व.२०८२/०८३
चुक्ता पूँजी	९९०,०००	९९०,०००	९९०,०००	९९०,०००	१,९८०,०००	१,९८०,०००	१,९८०,०००
जगेडा तथा कोषहरु	(८,२९०)	(१९,६८१)	(१७६,०८३)	(३३६,४३६)	(१७६,८७०)	(५९,८०५)	७७,६००
जम्मा	९८१,७१०	९७०,३१९	८१३,९१६	६५३,५६४	१,८०३,१३०	१,९२०,१९५	२,०५७,६००
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
जम्मा नेटवोर्थ	९८१,७१०	९७०,३१९	८१३,९१६	६५३,५६४	१,८०३,१३०	१,९२०,१९५	२,०५७,६००
शेयर संख्या	९,९००	९,९००	९,९००	९,९००	१९,८००	१९,८००	१९,८००
खुद नाफा/(नोक्सान)	(४३)	(११,३९१)	(१५४,४८५)	(१६०,१८३)	८,८००	११७,०६५	१३७,४०५
प्रति शेयर नेटवोर्थ (रु.)	९९.१६	९८.०१	८२.२१	६६.०२	९१.०७	९६.९८	१०३.९२
नेटवर्थमा प्रतिफल (%)	(०.००४)	(१.१७)	(१८.९८)	(२४.५१)	०.४९	६.१०	६.६८
प्रति शेयर आम्दानी (रु.)	(०.००४)	(१.१५)	(१५.६०)	(१६.१८)	०.४४	५.९१	६.९४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००

*चैत्र मसान्त २०८०/०८१ को अपरिष्कृत वित्तीय विवरण लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित ।

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी चार्टड एकाउन्टेन्ड श्री आइ.पि मैनाली एण्ड एसोसियट्सले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधारहरु :

क्र.सं.	विवरण	आधारहरु
१.	व्यापारीक उत्पादन मिति	अपर खिम्ती-II जलविद्युत आयोजना (२०७९/०२/१७) उपल्लो खिम्ती जलविद्युत आयोजना (२०७९/०३/०६)
२.	विद्युत बिक्री बापत आम्दानी	औसत ३% वृद्धि
३.	प्रशासनिक खर्च	२% वृद्धि
४.	रोयल्टी खर्च	विद्युत ऐन, २०४९ को दफा ११ अनुसार अनुमान गरिएको
५.	ब्याज खर्च	११.४७ प्रतिशत (Effective Interest Rate)
६.	ह्रास खर्च	SLM को आधारमा परिशोधन गरिएको
७.	बोनस खर्च	आयोजनाको संचालन आयबाट वार्षिक खुद नाफाको २ प्रतिशत
८.	बीमा शुल्क	हरेका वर्ष १ प्रतिशतले बढाइएको
९	आयकरको दर	आयकर ऐन, २०५८ को दफा ११ अनुसार अनुमान गरिएको
१०.	हकप्रद शेयर बापत प्राप्त रकम	हकप्रद निष्काशन खर्च कटौती पश्चात् परियोजनाको ऋण चुक्ता गर्ने
११.	कर्मचारी लाभ खर्च	५% वृद्धि

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. कम्पनीले आ.व.२०८०/८१ मा १:१ अनुपातमा रु.९९०,०००,०००/- बराबरको हकप्रद जारी गर्ने छ र हकप्रद जारी गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,९८०,०००,०००/- पुग्नेछ ।
२. हकप्रद शेयरबाट संकलित रकम हकप्रद खर्च कटौती गरी आयोजनाको ऋण भुक्तानीमा प्रयोग गरिनेछ ।
३. स्थिर सम्पत्ति र अमूर्त सम्पत्तिहरुको कुनै थप प्रक्षेपण गरिएको छैन । परियोजना सम्पत्ति बाहेक आयकर ऐन, २०५८ ले तोकेको दर अनुसार स्थिर सम्पत्तिमा मूल्य ह्रास अनुमान गरिएको छ । परियोजना सम्पत्तिमा ह्रास उपयोगी जीवनको तुलनामा Straight-line basis को आधारमा अनुमान गरिएको छ । उपल्लो खिम्ति-१२ मेगावाट र अपर खिम्ति-II ७ मेगावाटको बाँकी उत्पादन इजाजतपत्र अवधि २०८० असार मसान्तमा क्रमशः २५ वर्ष ६ महिना र २७ वर्ष ९ महिनाको छ ।
४. प्रक्षेपित आ.व. मा २ महिनाको विद्युत बिक्रीबाट हुने आम्दानी प्राप्त हुन बाँकी रहने छ ।
५. प्रक्षेपित आ.व. मा लाभांश वितरणको व्यवस्था गरिएको छैन ।
६. प्रक्षेपित आ.व. मा विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानी Contract energy को ८५ प्रतिशत हुने अनुमान गरिएको छ ।
७. विद्युत ऐन, २०४९ को दफा ११ को व्यवस्था अनुसार विद्युत उत्पादनमा रोयल्टी खर्च प्रक्षेपण गरिएको छ ।
८. आयकर ऐन, २०५८ मा भएको व्यवस्था अनुसार आयकर अनुमान गरिएको छ ।
९. अन्य साइट खर्चहरू आर्थिक वर्ष २०८१/८२ बाट प्रत्येक वर्ष ५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
१०. प्रशासनिक खर्च आर्थिक वर्ष २०८०/०८१ देखि प्रत्येक वर्ष १ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
११. आर्थिक वर्ष २०८०/०८१ देखि प्रत्येक वर्ष कर्मचारी भत्ता खर्च ५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
१२. विद्युत ऐन, २०४९ बमोजिम प्रत्येक वर्ष मुनाफाको २ प्रतिशत कर्मचारी बोनस प्रक्षेपण गरिएको छ ।
१३. प्रत्येक अवधिको अन्त्यमा ऋण र सो अवधिको ब्याज गणना गर्न, विगत पाँच वर्षको औसत ब्याजदरको आधारमा वार्षिक १०.१८ प्रतिशत ब्याजदर रहने अनुमान गरिएको छ ।

नोट : *प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरुको पुनरावलोकन गरी सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने आई. पि मैनाली एण्ड एसोसियट्स् रहेको छ ।*

१५. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) ***वित्तीय साधनको अभावबाट हुने जोखिम :*** संचालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तीय जोखिम नरहेको ।
(ख) ***कच्चा पदार्थको अभावबाट हुने जोखिम :*** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
(ग) ***उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :*** बजारको जोखिम नरहेको । यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने ।
(घ) ***आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :*** आयोजना सम्पन्न भइ सकेको ।
(ङ) ***विदेशी विनिमयको जोखिम :*** विदेशी विनिमयको जोखिम नरहेको ।
(च) ***कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :*** सो नभएको ।
(छ) ***क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :*** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दिबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।
(ज) ***सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :*** नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(झ) ***सञ्चालन अनुभवको अभाव :*** यस कम्पनीले आफ्नो कारोबार मिति २०७२/०२/३२ गते देखि सञ्चालन गरेको हुदा कम्पनीको कारोबारको सञ्चालनको इतिहास करिब ८ वर्ष रहेको छ ।
(ञ) ***प्रविधीको परिवर्तनबाट हुन सक्ने जोखिम :*** जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु ।
(ट) ***पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :*** परियोजनाको पुर्वाधार निर्माणको काम हाल शत प्रतिशत पूरा भैसकेको हुनाले यस्तो जोखिम नरहेको ।
(ठ) ***अन्य :*** •प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरुमा क्षति पुग्न गएमा • अप्रत्याशित रुपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना

नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । जोखिम न्यूनिकरण गर्न बीमा समेत गरिएको छ । बीमाको विवरण निम्न बमोजिम रहेका छ :

उपल्लो खिम्ती जलविद्युत आयोजना-१२ मे.वा.

क्र.सं.	बीमा पोलिसीको नाम	बीमा गरिएको मिति	बीमा कायम रहने अवधि	बीमा गरिएको कम्पनी	बीमांक रकम	बीमा प्रिमियम रकम
१.	सम्पत्ति बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१,५८५,४००,०००	३,४०३,८७३.८०
२.	लाभको हानी (सम्पत्ति) बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	३५६,७२९,६२६.७०	१,६५२,७४८.३६
३.	सार्वजनिक दायित्व बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१०,०००,०००	५०,८७०.००
४.	मसिनरी ब्रेकडाउन बीमालेख	०७/०७/२०२३	०७/०६/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	३६६,१००,०००	३,७३८,५१४.६०
५.	लाभको हानी (मसिनरी ब्रेकडाउन) बीमालेख	०७/०७/२०२३	०७/०६/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	३४१,०४१,६७०.७९	२,०८१,०५९.९८

अपर खिम्ती जलविद्युत अयोजना – ७ मे.वा.

क्र.सं.	बीमा पोलिसीको नाम	बीमा गरिएको मिति	बीमा कायम रहने अवधि	बीमा गरिएको कम्पनी	बीमांक रकम	बीमा प्रिमियम रकम
१.	सम्पत्ति बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१,१९९,८००,०००	२,५७५,९९०.६०
२.	लाभको हानी (सम्पत्ति) बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	२३९,७०२,१९७.२९	१,११०,५६०.२८
३.	सार्वजनिक दायित्व बीमालेख	१०/३०/२०२३	१०/२९/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१०,०००,०००	५०,८७०.००
४.	मसिनरी ब्रेकडाउन बीमालेख	०७/०७/२०२३	०७/०६/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	२८१,२००,०००	२,८७५,०८१.६
५.	लाभको हानी (मसिनरी ब्रेकडाउन) बीमालेख	०७/०७/२०२३	०७/०६/२०२४	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	२२९,९९०,२६८.१६	१,४०३,४२३.८४

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. हकप्रद साधारण शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:१ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बरहरु/हितग्राही खाता नम्बर, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(घ) दरखास्त साथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनु पर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनको लागि आवेदन दिन योग्य हुने छैनन् ।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा उजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँट भई कायम बाँडफाँटमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।
(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नुपर्ने ।
(ट) रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

१७. कम्पनीको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७७/०७८	४४४	८७	३६०	४०,६०३
०७८/०७९	६८५.४	१९४	२२९	२९,३०८
०७९/०८०	४४३.४०	१९०.५०	२७४	१९,२२९
महिना	**अधिकतम शेयर मूल्य (रु.)**	**न्यूनतम शेयर मूल्य (रु.)**	**अन्तिम बजार मूल्य (रु.)**	**शेयर कारोबार संख्या**
चैत्र	३३३.९०	२८५	२९२.९०	८५९,०७१
बैशाख	३०८.७०	२७१	३०४.१०	३४०,२०२
जेष्ठ	३१२	२७०	२९२	६८५,२६८

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१८. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात् "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र बाँडफाँट निर्देशिका, २०७४ मा रहेको व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ ।

१९. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ ।

२०. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको शेयर रजिष्ट्रार कार्यालय, नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :

(क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्नेछ ।
(ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरी मनोनयन गर्नु पर्नेछ ।
(ग) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
(घ) हक हस्तान्तरण गरी शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १० प्रतिशत भन्दा बढी नहुने गरी मनोनित भएको हुनुपर्नेछ ।
(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।
(छ) शेयरधनीले आफूले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीको रजिष्टर्ड कार्यालय, तिनकुने, काठमाण्डौंमा निवेदन दिनु पर्नेछ । साथै, हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।
(ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ ।
(झ) सञ्चालक तथा आधारभुत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तीन दिन अगाडि हक हस्तान्तरण गरी निष्काशन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ ।
(ञ) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तीय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(ट) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

२१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

कम्पनीको मिति २०८० जेठ ९ गते सम्पन्न भएको बाइसौं वार्षिक साधारण सभाले कायम चुक्ता पूँजीको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो । सोही साधारण सभाले हकप्रद शेयर निष्काशन पछि प्राप्त हुने पूँजी मध्ये सबै खर्च कटाई बाँकी सबै रकम बैंकहरुबाट लिएको दिर्घकालिन ऋणको भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गर्‍यो ।

कम्पनीले आयोजना निर्माण प्रयोजनार्थ नबिल बैंक लि. को अगुवाईमा एभरेष्ट बैंक लि., नेपाल बैंक लि. र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. बाट कुल रकम रु. २,८५,१२,५३,००८.२३ कर्जा लिई उपल्लो खिम्ती जलविद्युत आयोजना १२ मे.वा. र अपर खिम्ती-II जलविद्युत अयोजना ७ मे.वा. आयोजनाहरुमा सम्पूर्ण रकम लगानी गरेको र हालसम्म साँवा र ब्याज गरी जम्मा रकम रु. २२,५९,२६,२२०.८ भुक्तानी गरेर बाँकी रकम रु.२,८४,७५,६३,८९८.६३ कर्जा रहेको छ । कम्पनीले बैंक तथा वित्तीय संस्थाको साँवा तथा ब्याज र अन्य दायित्वहरु तिर्नलाई हकप्रद शेयर जारी गरी विभिन्न बैंक तथा वित्तीय संस्थाको तपसिल बमोजिमको ऋण चुक्ता गरिने छ ।

बैंकको नाम	अपर खिम्ती जलविद्युत अयोजना – ७ मे.वा. को बाँकी ऋण (रु.)	उपल्लो खिम्ती जलविद्युत आयोजना – १२ मे.वा. को बाँकी ऋण (रु.)
नबिल बैंक लि.	३९६,२५१,८४५.७४	५३०,६८३,३७५.३७
एभरेष्ट बैंक लि.	३३५,४८८,१३६.१९	४७१,४५३,२६०.९९
नेपाल बैंक लि.	३२४,९३९,३८२.३०	४७१,४३२,५९६.५६
नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.	९९,५७३,३७३.१७	२१७,७४२,५९८.३१
जम्मा	**१,१५६,२५२,०३७.४०**	**१,६९१,३११,८३१.२३**

२२. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नबिल बैंक लिमिटेड, चाबहिल, काठमाण्डौंलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि हकप्रद शेयरको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।**
२.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
३.	नेपाल धितोपत्र बोर्डको https://sebon.gov.np बाट पनि विवरण पत्र हेर्न सकिनेछ ।
४.	धितोपत्र बाँडफाँट निर्देशिकाको दफा १४ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण आवेदकहरुले आस्वा प्रणाली मार्फत हकप्रद शेयरका लागि आवेदन दिने व्यवस्था मिलाईएको ।
५.	लक्ष्मी सनराइज बैंक, गोकुल गंगा गाउँपालिका-०१, शिवालय, रामेछाप ।

*** चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।*

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री हिमालय उर्जा विकास कम्पनी लिमिटेडको वेभसाइट www.himalurja.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको वेभसाइट www.nabilinvest.com.np वा नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np मार्फत हेर्न सक्नेछन् ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले जम्मा गर्नुपर्ने रकम रु. २२,०९,६८,७००/- मध्ये रु. २१,०५,२८,५००/- रकम जम्मा गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायणचौर, नक्साल, काठमाण्डौं, फोन नं. ०१-४५११६०४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना



निष्काशन तथा बिक्री प्रबन्धकः

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिंङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोनः ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np